# गोलबजार नगरपालिका नगर कार्यपालिकामा नगर प्रमुख श्री देवनाथ साहज्यूबाट प्रस्तुत गरिइएको

# आ.व. २०७६/०७७ को नीति तथा कार्यक्रम

## १० असार, २०७६

यस गरिमामय बैठकका नगर उपप्रमुख ज्यू,
नगर कार्यपालिकाका सदस्य ज्यूहरु,
नगरसभाका सदस्य ज्यूहरु,

१. नेपाली जनताको लामो समय देखिको संघर्ष र चाहना अनुरुप संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भएको छ । यस अवसरमा नेपालको राष्ट्रियता, राष्ट्रिय स्वाधीनता, गणतन्त्र एवं लोकतन्त्र, धर्म निरपेक्षता, समावेशिता, सामाजिक न्याय र समानताको लागि जीवन बलिदानी गर्नुहुने महान शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । नेपालको राजनीतिक परिवर्तन र नेपाली जनताको सुख समृद्धिका लागि संघर्ष गर्नुहुने नेपाली राजनीतिका शिखर व्यक्तित्वहरु प्रति हार्दिक सम्मान प्रकट गर्न चाहन्छु ।

२.नेपालको संविधान बमोजिम राज्यको पुनर्संरचना भई तीनवटै तहको निर्वाचन पश्चात लोकतान्त्रिक शासन प्रणाली सुदृढ एवं संस्थागत हुँदै गएको छ । राजनीतिक उपलब्धिसँगै अबको हाम्रो यात्रा आर्थिक-सामाजिक समृद्धि हासिल गर्नेतर्फ केन्द्रित हुनु आवश्यक र अनिवार्य रहेको छ । यो ऐतिहासिक घडीमा गोलबजार नगरपालिकाका नगर कार्यपालिकाका सदस्यज्यूहरु, नगरसभाका सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत तथा सम्पूर्ण कर्मचारी साथीहरुमा नमस्कार तथा अभिवादन गर्न चाहन्छु ।

३. संघ, प्रदेश र स्थानीय तहको निर्वाचनसँगै संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल संस्थागत हुँदै गएको छ । जनताको सबैभन्दा नजिकको सरकारको रुपमा स्थानीय तहको निर्वाचनपछि दैनिक प्रशासनमा सुशासन, आर्थिक रुपले समृद्धि तथा भौतिक पूर्वाधार र विकास निर्माणमा तीब्रताको अपेक्षा जनताले गरेका छन् । भौगोलिक रुपले जिल्लाकै मध्य विन्दुमा पर्ने र व्यापारिक हिसावले बढी आर्थिक गतिविधि हुने नगरको पहिचान बनाउदै गएको गोलबजार नगरपालिकालाई आर्थिक रुपले समृद्ध र विकसित नगरपालिका बनाउन चुनौतीपूर्ण भएपनि अवसरको रुपमा लिंदै अगाडि बढ्ने कुरामा विमति छैन । संवैधानिक व्यवस्था अनुरुप कार्यपालिकीय, व्यवस्थापकीय र न्यायिक अधिकारसहित गठन भएको यस नगरपालिकाको तेश्रो नगरसभामार्फत् व्यवस्थापकीय अभ्यास गर्न गईरहेका छौं ।

४. पूर्व पश्चिम सडक अन्तर्गत जिल्लाकै मध्यविन्दुमा पर्ने गोलबजार नगरपालिका सिरहा जिल्लाको तत्कालीन असनपुर, आशोपुर बल्कवा, बेतौना, लालपुर, मुक्सार, जमदह, चन्द्रलालपुर, चन्द्रोदयपुर गा.वि.स.लाई

समेटेर २०७१ मंसिर १६ गते (२ डिसेम्बर २०१४) गोलबजार नगरपालिका घोषणा भएको थियो। त्यसको २ वर्ष ३ महिना ६ दिनपछि अर्थात् २०७२ फाल्गुन २२ गते साविकको दुर्गापुर गा.वि.स. समेत समेटेर १३ वटा वडा कायम भएको गोलबजार नगरपालिकाको वि.सं. २०६८ को जनगणना अनुसार ५२,१२७ जनसंख्या रहेको छ । पूर्व पश्चिम ९ किलोमीटर लम्बाई र उत्तर दक्षिण १४ किलोमिटर चौडाई रहेको गोलबजार नगरपालिकाको क्षेत्रफल १११.९४ वर्गकिलोमिटर रहेको छ।

५. स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम गोलबजार नगर क्षेत्रको आर्थिक विकास, समृद्धि, सुशासन र सार्वजनिक सेवा प्रवाह गरिदै आएको छ। सबै वडालाई छुट्टाछुट्टै रुपमा सञ्चालन गर्न तत्काल जनशक्तिको अभाव रहेको सन्दर्भमा जनशक्ति उपलब्ध गराई तत्काल सबै वडा कार्यालयहरु सञ्चालनमा ल्याउन अत्यावश्यक रहेको छ । त्यसैगरी, सो ऐन तथा पारित गरिने कानुनहरुमा उल्लेखित पदाधिकारीको काम, कर्तव्य र अधिकारभित्र रहेर नगरलाई सुसभ्य, व्यवस्थित र विकसित बनाउने अठोट लिएका छौं। गोलबजार नगरपालिकालाई आर्थिक रुपले समृद्ध नगर बनाउनु अहिलेको आवश्यकता हो। आर्थिक रुपले आत्मनिर्भर तथा अन्तरनिर्भर अर्थतन्त्रको निर्माण गर्दै सामाजिक न्यायसहितको दिगो आर्थिक विकास हासिल गर्नु गोलबजार नगरपालिकाको प्रस्थान विन्दु हो।

६. अगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्दा मैले नेपालको संविधान, आवधिक योजना, क्षेत्रगत योजनाहरु, स्थानीय सरकार संचालन ऐन, नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम, दिगो विकासका लक्ष्य, गोलबजार नगरपालिकाको बस्तुगत अवस्था, विभिन्न राजनीतिक दल, संघ संस्था तथा नागरिक समाजका प्रतिनिधिहरुबाट प्राप्त सुझावहरु, पहिलो नगर सभाबाट नै नगरपालिकाले लिएको **"हाम्रो रहर, समृद्ध नगर, हाम्रै पालामा सम्भव छ"** भन्ने नारालाई मनन गर्दै चालु आ.व. को नीति तथा कार्यक्रम साथै आफ्नो अनुभव र सिकाइ समेतलाई गम्भिरतापूर्वक ध्यान दिने प्रयत्न गरेको छु । एकातिर नगरको खास क्षेत्रमा सघन शहरी विकासले गति लिरहेको छ भने अर्कोतिर धेरै वडाहरुको भूगोल ग्रामीण परिवेश अनुरुप रहेको छ। उक्त अवस्थालाई मध्यनजर गरी नीति तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने अवस्था प्रति म संवेदनशील र गम्भीर रहेको व्यहोरा निवेदन गर्न चाहन्छु।

७.जनताको अपेक्षा अनुरुप व्यस्थित पक्कि ड्रेन, पक्कि सडक, बस, ट्रक, टेम्पो, ट्याक्सी, रिक्सा र अटो रिक्साको व्यवस्थित स्ट्याण्ड, ढल निकास, सार्वजनिक शौचालय, प्रभावकारी सुरक्षा व्यवस्था, पर्याप्त उज्यालो पुर्याउने सडक बत्ति, फोहरमैलाको उचित व्यवस्थापन, व्यवस्थित ट्राफिक प्रणाली, सुविधा सम्पन्न अस्पताल, कृषि उपज बजारको व्यवस्था , विविध विषयमा शिक्षा हासिल गर्ने महाविद्यालय , हरीयालीयुक्त सुन्दर शहर लगायत अनेकौ सेवा सुविधाको आवश्यकता हामी सबैले महशुस गरिरहेका छौं भने अर्कोतर्फ ग्राभेल सहितको कच्ची सडक, पुलपुलेसा, कृषि क्षेत्रको व्यवसायीकरण, स्वास्थ्य संस्थाको

स्तरोन्नती, विद्यालय भवनको सुदृढीकरण जस्ता ग्रामीण स्तरको सुविधा उपलब्ध गराउदै थप सुविधाको विस्तार गर्नुपर्ने आवश्यकता र बाध्यता छ।

८. गोलबजार नगरपालिका सँग संविधान र कानुनले दिएको अधिकार प्रयोग गरी नगरपालिकाको प्रशासनिक एवं सेवा प्रवाहको कार्यलाई सहज र सरल ढङ्गले सम्पादन गर्न आफ्नै प्रशासनिक भवन तथा वडा कार्यालय भवनको अभाव छ, त्यसलाई पुरा गर्न आवश्यक कदम चाल्न जरुरी छ।

९. गोलबजार नगरपालिकामा रहेका विभिन्न जातजाति तथा भाषा संस्कृतीको समिश्रणलाई हाम्रो सम्पत्तिको रुपमा ग्रहण गर्ने गरी कार्यक्रम अगाडी बढाउनु छ भने कला , साहित्य, संस्कृती, खेल, पत्रकारिताका क्षेत्रमा रहेका महत्वपूर्ण उपलब्धिहरुको संरक्षण गर्दै ती क्षेत्रका विज्ञहरुको अनुभवलाई समूचित ढंगले उपयोग गर्दै थप प्रभावकारी योजना बनाई कार्यन्वयन गर्नु पनि हाम्रो महत्वपूर्ण जिम्वेवारी हो।

१०. नगरपालिका गठनपछि गरिमामय बैठकमा पहिलो नगर प्रमुखका रुपमा तथा तेश्रो आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा हर्षविभोर भएको छु। साथै प्रस्तुतिको लागि अनुमति चाहन्छु।

११. **नगर शिक्षा गुरुयोजना** तर्जुमा गरी लागु गरिनेछ। नि:शुल्क, गुणस्तरीय, रोजगारमूलक, व्यावहारिक र सर्वसुलभ सार्वजनिक शिक्षा दिने व्यवस्था गरिने छ। हरेक वडाका एक एक सामुदायिक विद्यालयमा अंग्रेजी माध्यमबाट पठनपाठनको शुरुवात गरी क्रमश: सबै विद्यालयहरुमा अंग्रेजी माध्यमको पठनपाठन लागू गरि, १२ कक्षासम्म अनिवार्य शिक्षा दिने र आवासीय शिक्षाको व्यवस्था गर्नेतर्फ पहल गर्नुका साथै सामुदायिक विद्यालयको पढाईलाई व्यवस्थित र पूर्वाधारको व्यवस्था गरिनेछ। दलित तथा गरिब छात्र छात्राहरुलाई विशेष छात्रवृत्तिको व्यवस्था गरिनेछ। आधारभूत तहको शिक्षा मातृभाषामा तथा मदरसा शिक्षालाई व्यवस्थित गर्न थप पहल गरिनेछ। विद्यालयहरुमा स्वच्छ खानेपानी, सरसफाई र शौचालयको व्यवस्था गरिनेछ। शिक्षा क्षेत्रका जनशक्तिलाई सिर्जनात्मक तथा नव शिक्षण सिकाईका लागि पुनर्ताजगी एवम् क्षमता विकास तालिम संचालन गरिनेछ। नगर क्षेत्रमा रहेका हरेक माध्यमिक विद्यालयमा प्रविधिमा आधारित सिकाईका लागि प्रविधिमा थप सहयोग गरिनेछ। नगर क्षेत्रमा प्राविधिक शिक्षालय र कृषि कलेजको स्थापनाका लागि विशेष पहल गरिनेछ। प्रत्येक विद्यालयमा कक्षा १ मा भर्ना हुँदा बाल विकास केन्द्रको शिक्षा लिएको सुनिश्चितता गरिनेछ।गोलबजारस्थित रामप्रसाद रामप्रताप तामाङ बहुमुखी क्याम्पसलाई सरकारी कोटाभित्र पारी सशक्त जनशक्तियुक्त र सुविधासम्पन्न बनाउन विशेष पहल गरिनेछ। सरकारी प्राविधिक शिक्षालय र ट्रमा सेण्टर सञ्चालनमा ल्याउनका लागि सरकारसंग थप प्राविधिक र आर्थिक सहयोग प्राप्तिका लागि पहल गरिनेछ।

१२. **"व्यवसायिक कृषि, नगरको समृद्धि"** मूल नाराका साथ **नगर प्रमुख कृषि परियोजना** तर्जुमा गरी लागु गरिनेछ । उर्वर भूमिलाई सिंचाईको व्यवस्था गर्न अभियानको रुपमा सिंचाई कार्यक्रम संचालन गरिनेछ । कृषि उत्पादनलाई गुणात्मक रुपमा विकास गर्न पकेट क्षेत्र निर्धारण गरी विशिष्टीकरण र नमूना कृषि उत्पादनलाई विशेष जोड दिइनेछ । कृषि उत्पादनलाई व्यवस्थित गर्न कम्तिमा आवश्यकताको आधारमा व्यवस्थित कृषि उपज बजारको व्यवस्था गरिनेछ । कृषि उत्पादन तथा पशुपालनलाई आर्थिक सुरक्षाको लागि विमाको व्यवस्थापनमा विशेष जोड दिईनेछ । कृषि उत्पादनमा सहकारी प्रणालीलाई जोड दिईनेछ । नगदे बाली, तरकारी खेती, फलफूल नर्सरी, माछा, आँप खेतीलाई व्यवसायिक रुपमा विकास गर्न विशेष प्याकेज कार्यक्रम संचालन गरिनेछ । नगर क्षेत्रभित्र पर्ने जग्गालाई कृषि, बसोवास, व्यावसायिक, औद्योगिक, वन र सार्वजनिक उपयोगको क्षेत्रमा वर्गीकरण गरी व्यवस्थित गरिनेछ । कृषि उपज बजार र पशु बजारको विस्तृत परियोजना प्रतिवेदन तयार गरीनेछ । विस्तृत परियोजना प्रतिवेदन बमोजिम उल्लेखित बजारहरुको आधुनिकीकरण र व्यवस्थित गरिनेछ । पशुपालन तथा आधुनिक कृषि उत्पादनमा बढी जोड दिइनेछ । कृषि बजार भवन निर्माण गरिनेछ एवं मल, खाद्य र बिउबिजनको उचित व्यवस्था गरिनेछ । यस नगर क्षेत्रको सिचाई योग्य भूमिमा सिचाई सुबिधा पुर्‍याउनका लागि आबश्यक पहल गरिनेछ र कृषिमा बैज्ञानिकीकरणका लागि माटो परीक्षण गरी उपयुक्त प्रणाली प्रवर्द्धन गर्नेतर्फ पहल गरिने छ । कृषि उत्पादन र कृषिमा आधारित उद्योगको विकासमा जोड दिदै रोजगारीको अवसर सिर्जना गर्न आर्थिक तथा सामाजिक रुपमा पछाडी परेका महिला, आदिवासी/जनजाती तथा यूवालाई लक्षित गरी पशुपंक्षीजन्य व्यवसाय मार्फत आयआर्जन बढाउन आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

१३. नगर क्षेत्रका नागरिकको स्वास्थ्य सेवामा पहुँच पुर्याउन विशेष नीतिका साथ नगरमा कम्तिमा १५ शैय्याको सामुदायिक अस्पताल निर्माण गरी संचालन गर्न पहल गरिनेछ । नगरक्षेत्रका सबै स्वास्थ्य चौकीमा सुरक्षित सुत्केरी गराउने उचित व्यवस्थापन गर्न बर्थिङ्ग सेन्टरको स्थापना गरिनेछ । वर्षमा कम्तिमा २ पटक जेष्ठ नागरिकको घर आँगनमै पुगेर स्वास्थ्य परीक्षण सेवा प्रदान गर्ने व्यवस्था मिलाइनेछ । मातृसुरक्षा र सुत्केरी भत्ता नियम अनुसार वितरण गरिनेछ । स्वास्थ्य विमा कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाइनेछ । नगरका नागरिकलाई रेविज भ्याक्सिन र सर्पदंश उपचार निःशुल्क गरिनेछ । दुई वर्ष मुनिका बालबालिकालाई दिइने सबै खोपहरु पूर्णरुपमा उपलब्ध गराई नगरलाई पूर्ण खोपयुक्त घोषणा गरिने छ । स्वास्थ्यमा प्रतिकुल असर पार्ने खाद्य पदार्थको अनुगमन गरी त्यस्ता पदार्थको बेचविखनमा नियन्त्रण गरिने छ ।

१४. **"श्रममूलक प्रविधि, नगरमै रोजगारी"** मूल उद्देश्यका साथ युवाहरुलाई लक्षित गरी **उप-मेयर स्वरोजगार कार्यक्रम** सञ्चालन गरिने छ । रोजगारीको अभावमा विदेशिंदै गरेका युवायुवती पलायन रोक्न प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप प्रभावकारी बनाई रोजगारी सिर्जनामा विशेष पहल गरिने छ । श्रम गर्ने श्रमिकहरुको समेत सम्मान गर्न नगरपालिका भरी मजदुरी ज्यालामा एकरुपता ल्याउन सम्वन्धित सरोकारवाला पक्षहरु तथा उद्योग कलकारखाना सँग समन्वय, छलफल गरी श्रमको ज्याला तोक्न पहल

गरिनेछ । युवाहरुलाई सही मार्गमा डोर्याउन खेलकूद तथा योगाभ्यास, ध्यान जस्ता विधिहरु संचालनमा विशेष ध्यान दिइनुका साथै खेलकूद पूर्वाधार निर्माणमा विशेष जोड दिइनेछ । नगरक्षेत्रभित्र निर्माणाधीन अवस्थामा रहेका स्टेडियम र कभर्ड हललाई पूर्णता दिन विशेष पहल गरिने छ । राष्ट्रको लागि खेलकूद, स्वास्थ्यको लागि खेलकूद, भन्ने नीतिलाई आत्मसात् गर्दै खेल गतिविधि हरेक माध्यमिक विद्यालयमा खेलकूद शिक्षकको आवधारणा लागू गर्न पहल गरिनेछ । युवाहरुलाई परिवर्तित अवस्थाको बारेमा सही सूचना दिन युवा क्लवमार्फत् युवा सूचना केन्द्र संचालन गरिने छ ।
गोलबजारलाई खेलकूदमैत्री नगरको रुपमा विकास गरिनेछ । युवावर्गको क्षमता विकास र सीप अभिवृद्धिका कार्यक्रम संचालन गरि उद्यमशिलताको प्रवर्द्धन गरिनेछ । वैदेशिक रोजगारीबाट फर्केका युवाहरुले आर्जन गरेका ज्ञान र सीपको सदुपयोग गर्दै स्वरोजगार तथा उद्यमशिलता विकासतर्फ अभिप्रेरित गरिनेछ । युवाहरुलाई सामाजिक कार्यमा अग्रसर गराउन आफ्नो दायित्व र लक्ष्यप्रति जिम्मेबारी बोध गराउन **गोलबजार सफल युवा पुरस्कार**को व्यवस्था गरी प्रदान गरिनेछ ।

१५. एकल महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुलाई प्रदान गरिदै आएको सामाजिक सुरक्षा भत्ता वितरण बैकिङ् प्रणालीमार्फत् गर्न पहल गरिनेछ । पोषण कार्यक्रमलाई घर आँगनमा पुर्याईनेछ । ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्ग माथि हुने हिंसा र दुर्व्यवहार हटाई सम्मानजनक जीवनयापनको वातावरण निर्माण गर्न विशेष कार्यक्रम संचालन गरिनेछ । बाल अधिकार सुरक्षित गर्नका लागि गाउँ टोलमा बाल क्लवको गठन, बालश्रम र बाल विवाहलाई न्यूनीकरण गरिनेछ । महिला हिंसा कम गर्न महिला सशक्तीकरण कार्यक्रम संचालन गरिनेछ । जातीय विभेद तथा छुवाछूतलाई पूर्णत: निषेध गरिनेछ । प्रत्येक वडामा शिशु स्याहार केन्द्र स्थापना गर्न पहल गरिनेछ। व्यवसाय गर्न चाहने महिलाहरुका लागि शैक्षिक प्रमाण पत्रका आधारमा विना धितो ऋण दिने व्यवस्थाका लागि पहल गरिनेछ। दलितमाथि भईरहेको छुवाछूत र भेदभाव उन्मूलनका लागि विशेष कार्यक्रम बनाएर कार्यान्वयन गरिने छ। बाल विवाह, अनमेल विवाह, बहुविवाह अन्त्य गर्दै दाईजो प्रथालाई निरुत्साहित गरिनेछ। गरिब दलित, अपाङ्गता भएका, ज्येष्ठ नागरिक, एकल महिला तथा असहाय नागरिक, हिंसा प्रभावित, तेस्रो लिङ्गी तथा होंचा पुड्का नागरिकलाई नगरपालिकाबाट गरिने सिफारिस दस्तुरमा प्रमाणका आधारमा छुट दिने व्यवस्था मिलाइनेछ। अव्यवस्थित र सुकुम्बासी बस्तीलाई सुरक्षित बसोबासको व्यवस्था मिलाउन आवश्यक कानून र आर्थिक व्यवस्था क्रमश: मिलाउँदै लगिनेछ। पाँच वर्ष मुनिका बालबालिका र आमाको स्वास्थ्य परीक्षण गरी कुपोषित बच्चा र आमालाई लक्षित गरी पोषण कार्यक्रम संचालन गरिनेछ । आर्थिक रुपमा विपन्न, लोपोन्मुख तथा अल्पसंख्यक समुदाय र बिपन्न दलितलाई आवासको व्यवस्थाका लागि **"जनता आवास कार्यक्रम"** लाई निरन्तरता दिईनेछ।

१६. नगरमा कम्तिमा पाँच हजार अट्ने क्षमताको सिटीहल एवं खेल मैदान निर्माण गर्न पहल गरिनेछ । पर्यटन गुरुयोजना तर्जुमा गरी पर्यटकीय क्षेत्रलाई अर्थतन्त्रको प्रमुख आधारको रुपमा विकास गरिनेछ । धार्मिक

पर्यटन, ग्रामीण पर्यटन र कृषि पर्यटनलाई बढावा दिइनेछ। कुम्भिखाडी, आकाशगंगा, रामजानकी मन्दिर, लामाडाँडा, सलहेश मन्दिर, मोक्तान दह, कवीर मन्दिर, गुम्वा, मस्जिद, वुद्धताल,भवरीस्थान, धमिनीस्थान लगायतका ऐतिहासिक धार्मिक स्थलको संरक्षण एवं सम्वर्द्धन गरिनेछ । नगरको प्राकृतिक स्रोत, ऐतिहासिक, संस्कृतिक तथा धार्मिक पहिचान र आर्थिक सम्भाव्यताको आधारमा गतिशील शहरको निर्माण कार्यलाई निरन्तरता दिइनेछ। लोपोन्मुख, अल्पसंख्यक समुदायको भाषा, संस्कृति र सम्पदाको संरक्षण र विकासलाई जोड दिइनेछ। भवन निर्माणसंहिता अनुसार जग्गा, बाटो, भवनको स्तरीकरण गरी सोही बमोजिम नयाँ भवन निर्माण गर्दा अनिवार्य रुपमा नक्सा पास गरेर मात्र निर्माण गर्ने पद्धतिको थालनी गरिनेछ। नगरपालिकाको स्वामित्वमा रहेका सार्वजनिक सम्पत्तिहरुको अभिलेखांकन, संरक्षण र सम्वर्द्धन गर्ने नीति लिइने छ । सार्वजनिक सम्पत्ति संरक्षणका लागि प्रविधिमा आधारित नाप नक्शा तथा विधि क्रमश: अपनाउँदै जाने नीति अबलम्बन गरिनेछ। लोकमार्गको उत्तर र दक्षिण तर्फ पानी निकास नभई वर्षायाममा गाउँ बस्ती डुबान हुने हुँदा सोको व्यवस्थापनका लागि पूर्व सातपत्रे नदी, पश्चिम तर्फको मैनावती नदीसम्म तथा लोकमार्ग सँग जोडिएको बजार क्षेत्रमा व्यवस्थित नाला निर्माण गरिनेछ । मनोरञ्जनका लागि रमणीय पार्क निर्माण गर्नेतर्फ पहल गरिनेछ। विपद व्यवस्थापन योजना निर्माण गरी दीर्घकालीन, मध्यकालीन र अल्पकालीन उपायहरुको अबलम्बन गरी विपद् जोखिम न्यूनीकरण गरिनेछ। क्षेत्रीय सडकको निर्माण कार्य सुस्त भएकोमा यसलाई समयमै सम्पन्न गराउन सम्बन्धित मन्त्रालय, विभाग तथा कार्यालयमा सम्पर्क गरी छिटो सम्पन्न गराउन पहल गरिनेछ। दीर्घकालीन अवधारणा अनुरुप चक्रपथ निर्माणलाई प्राथमिकता दिईनेछ। परियोजना बैंक निर्माण गरी भौतिक पूर्वाधारका योजनाहरु प्राथमिकीकरण गरी कार्यन्वयन गरिदै लगिनेछ।

१७. विदेशी दातृ निकायहरुमार्फत् अनुदान प्राप्त NGO / INGO हरुसँग समन्वय गरी यस नगरपालिकाले प्राथमिकीकरण गरेका क्षेत्रहरुमा मात्र खर्च गर्न पाउने नीति बनाई कार्यान्वयन गरिनेछ।नगरको आवश्यकता अनुसार नगरपालिकासँगको समन्वयमा पूर्व स्वीकृति लिएर गैरसरकारी संस्थाहरुले काम गर्ने वातावरण बनाइनेछ।

१८. नगरका सबै टोलहरुलाई वडा सडकमा र वडाहरुलाई नगरको मुख्य सडक संजालसँग जोडिनेछ । सडकहरुलाई बिस्तारसहित स्तरोन्नति (कालोपत्रे र पक्की सडक) मा विशेष जोड दिईनेछ। कृषि सडक निर्माणमा विशेष जोड दिईनेछ। बजार र गाउँलाई व्यवस्थित गर्दै नगरका सबै मुख्य बजारमा ढल निकासको व्यवस्था गरी फोहोर व्यवस्थित गरिनेछ र क्रमश: वडाहरुमा पनि ढल निकास र फोहोर व्यवस्थापन गरिनेछ। नगरका मुख्य मुख्य चोकहरुमा सोलार प्यानल जडान गर्ने कार्यलाई प्राथमिकतासाथ अगाडि बढाइने छ। नगरका सबै वडाहरुमा आगामी वर्ष भित्र पक्की सडक सञ्जाल विस्तार गरिनेछ।

१९. **"स्वच्छ र सफा शहर नगरपालिकाको रहर"** मूल नाराका साथ नगरको सरसफाइमा विशेष ध्यान दिइनेछ । स्वच्छ खानेपानीमा नागरिकको पहुँचलाई पूर्ण प्राथमिकतामा राखिनेछ । दीर्घकालीन रुपमा फोहर व्यवस्थापनलाई निजी क्षेत्रमार्फत् परिचालन गर्दै लगिने नीति अवलम्बन गरिनेछ । सरसफाई सम्वन्धी सचेतनामूलक कार्यक्रमहरुलाई विशेष रुपमा अगाडि बढाइने छ । गोलबजार नगरपालिकालाई तीन वर्षभित्र पूर्णसरसफाईयुक्त सुन्दर नगरपालिका बनाउन सम्पूर्ण वडालाई खुल्ला दिसामुक्त क्षेत्र घोषणा गरिसकेको अवस्थामा यसको दिगो र प्रभावकारी कार्यान्वयनमा निरन्तर जोड दिइनेछ । नगरक्षेत्रभित्रको हाटबजार र सार्वजनिक चोकहरुमा अनिवार्य रुपमा सार्वजनिक शौचालयको व्यवस्था मिलाइनेछ ।

२०. वातावरण र जलवायुमैत्री पूर्वाधार विकासमा ध्यान दिइनेछ । वन क्षेत्रको बैज्ञानिक व्यवस्थापन गरी चुरे तराइ मधेस संरक्षणको लागि विशेष कार्यक्रम ल्याउन दीर्घकालीन सोंचको विकास गरिनेछ । वर्तमान अवस्थामा भईरहेको वन विनास तथा चोरी निकासीलाई रोक्दै वन संरक्षण र विकासको अवधारणालाई आत्मसात् गर्दै नगरक्षेत्रभित्र रहेको ऐलानी, पर्ति जमिनहरुमा वृक्षारोपण गरिनेछ । यस नगरक्षेत्रभित्र रहेको वन तथा चुरे क्षेत्रलाई दीर्घकालिन योजना अन्तर्गत कुनै एक तथा चुरे क्षेत्रलाई चिडियाखानाको रुपमा विकास गरिनेछ । बाताबरण र जलबायूमैत्री पूर्वाधारको बिकासमा ध्यान दिइनेछ । वन क्षेत्रको बैज्ञानिक ब्यबस्थापन गरी चुरे तराई मधेश संरक्षणका लागि बिशेष कार्यक्रम ल्याउन दीर्घकालीन सोंचको विकास गरिनेछ ।

२१. नगरलाई आर्थिक रुपले आत्मनिर्भर बनाउन उद्योगको मुख्य भूमिका हुने भएकोले नगर क्षेत्रभित्र उद्योग स्थापनाका लागि उद्योगमैत्री नीतिहरु अवलम्बन गरिनेछ । उद्योगीहरुलाई उद्योग स्थापना गर्न विशेष प्रोत्साहन गरिनेछ । कृषिमा आधारित उद्योग स्थापना गर्न विशेष प्रोत्साहन गरिनेछ । नगर क्षेत्रमा उद्योग स्थापनाका लागि विशेष क्षेत्र पहिचान गरी व्यवस्थित गर्ने नीति लिइनेछ ।

२२. कृषि सहकारी तथा लघुवित्त संस्थाहरुलाई बढावा दिईनेछ । गरिब तथा बिपन्न परिवार तथा समुदायमा सहकारीलाई बिस्तार गर्न प्रोत्साहन गरिनेछ । न्यून व्याजदर कायम गरी घरेलु उद्योग तथा आफ्नो श्रम र सीपलाई व्यवसायिक कार्यक्रम संचालन गर्न प्रोत्साहन गरिनेछ । सहकारीको मर्म र भावना अनुरुप सहकारी संस्थालाई वास्तविक सदस्यहरुको भरपर्दो साथी बनाउने गरी नगर क्षेत्रका सहकारी संस्थाहरुलाई व्यवस्थित गरिनेछ ।

२३. विद्युतबाट बञ्चित समुदायका लागि विद्युत् जडान गरिनेछ । सामुदायिक ग्रामीण विद्युतको अवधारणालाई अवलम्बन गर्दै कृषिलाई व्यावसायीकरण र निर्यातमुखी बनाउन कृषि विद्युतलाई सर्वसूलभ मूल्यमा वितरण गर्न पहल गरिने छ ।

२४. प्रशासनिक कार्यसम्पादनमा पारदर्शीता अभिबृद्धि गर्न सार्वजनिक सुनुवाइ, गुनासो सुनुवाइ, लाभग्राहि सर्वेक्षण जस्ता विधिहरुको उचित प्रवन्ध मिलाइनेछ । दैनिक रुपमा आम जनतालाई सेवा दिने

कार्यालयहरुलाई प्रत्यक्ष रुपमा महशुस हुने गरी दैनिक प्रशासनिक कार्यहरु जनमुखी, प्रभावकारी, छिटोछरितो, सर्वसुलभ र पारदर्शी बनाईनेछ । दैनिक प्रशासनलाई E-Governance का मान्यता अनुसार लागू गरिनेछ । भ्रष्टाचार विरुद्ध शून्य सहनशिलता (Zero Tolerance) को नीति अवलम्बन गरिनेछ । योजना निर्माण गर्दा जनताको स्थानीय आवश्यकताको आधारमा नीति अंगीकार गरिनेछ । छिटो छरितो ढङ्गले योजनाहरु कार्यान्वयनका लागि नियमित अनुगमन, मूल्याङ्कन, निरीक्षण प्रणालीलाई प्रभावकारी बनाईनेछ । स्थानीय तहमा केन्द्रित अधिकारहरु मध्ये विगतमा प्रदान गरिंदै आएका सेवा केन्द्रहरुलाई वडा स्तरमा क्षेत्राधिकार निक्षेपण गरी वडाहरुबाट नै दैनिक सेवाहरुलाई सर्वसुलभ, छिटो र प्रभावकारी बनाईनेछ । नगरपालिकाको सम्पूर्ण आर्थिक कारोबार बैकिङ् प्रणालीबाट शुरु गरिने छ । दैनिक प्रशासनलाई छिटो छरितो बनाउन प्रविधियुक्त प्रणाली लागू गरिनेछ । प्रत्येक वडा कार्यालय र सेवा प्रदायक कार्यालयहरुसँग सम्बन्धित गुनासो/सुझावको आधारमा दैनिक कार्य संचालन गर्ने वातावरण बनाइनेछ । सेवाग्राही जनताको गुनासोको आधारमा सम्बन्धित अधिकारी वा प्रतिनिधिलाई सो को लागि जवाफदेहिता बहन गर्ने व्यवस्था गरिनेछ । सबै जनप्रतिनिधिको चल अचल सम्पत्ति प्रत्येक वर्ष सार्वजनिक गरिनेछ । नगर भित्रका सबै कार्यालयहरु धुम्रपान र मद्यपान रहित बनाइनेछ ।

२५. स्थानीय तहको कर्मचारीहरुको सेवा सुविधा, संचालन एवं व्यवस्थापन गर्न स्थानीय सेवा गठन गरिनेछ । स्थानीय तहका पदाधिकारी एंव कर्मचारीहरुमा सदाचारिताको विकासको लागि स्थानिय सदाचारिता नीति तर्जुमा गरी कार्यन्वयनमा ल्याईनेछ । कर्मचारीमा उच्च मनोवल सहित कार्य गर्ने वातावरण तयार गरी उचित प्रोत्साहन गरिनेछ । कर्मचारीहरुको क्षमता अभिवृद्धीको लागि विशेष कार्यक्रम संचालन गरिनेछ । नगर प्रहरी यसै वर्ष गठन गरिनेछ ।

नगर सभाका सदस्यज्यूहरु,

२६. यो नीति तथा कार्यक्रम प्रक्रियामा महत्वपूर्ण सहयोग गर्नुहुने नगर उप-प्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, योजना तर्जुमा समितिका सदस्यज्यूहरु, राजस्व परामर्श समितिका सदस्यज्यूहरु, विषयगत समितिका संयोजक तथा सदस्यज्यूहरु, कार्यपालिकाका सम्पूर्ण सदस्यज्यूहरु तथा कर्मचारी साथीहरु लगायत प्राविधिक कर्मचारी साथीहरु प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

२७. त्यैसगरी योजना तर्जुमा समितिलाई महत्वपूर्ण सल्लाह सुझाव दिनुहुने विभिन्न राजनैतिक दलका नेताहरु, उद्योग वाणिज्य संघका पदाधिकारी सदस्यहरु, विज्ञ सल्लाहकारहरु, आदिवासी/जनजाती अभियन्ताहरु, महिला संजाल, नगर बाल संजाल, दलित अभियन्ताहरु, नागरिक सामाज, पत्रकार लगायत अमूल्य सल्लाह र सुझाव दिनुहुने सम्बन्धित सबैमा हार्दिक आभार प्रकट गर्दै धन्यवाद दिन चाहन्छु ।

२८. अन्त्यमा, यस नगरपालिकाको विकास तथा नव निर्माणका विविध पक्षमा महत्वपूर्ण सहयोग पुर्याउनु हुने सबै राजनैतिक दल, राष्ट्रसेवक कर्मचारी, निजी क्षेत्र, नागरिक समाज, सञ्चार जगत लगायत सम्पूर्ण नगरवासीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

**धन्यवाद**